प्रदेश सरकार
लुम्बिनी प्रदेश
# आर्थिक मामिला तथा योजना मन्त्रालय
(वित्त व्यवस्थापन महाशाखा)
मुकामः बुटवल, नेपाल

☎ ०७१-५४००२९, ०७१-५५०००३, ०७१-५५००६३

पत्र संख्या : (वि.स.तथा अ.व्य.) २०७७/७८
चलानी नं. : १२६४

मितिः २०७८।०१।१५

विषयः समपूरक अनुदानका आयोजना तथा कार्यक्रम प्रस्ताव सम्बन्धमा ।

श्री स्थानीय तह सबै,
लुम्बिनी प्रदेश।

आगामी आ.व. २०७८/७९ मा स्थानीय तह र प्रदेश सरकारको लागत साझेदारीमा कार्यान्वयन हुने समपूरक अनुदानका आयोजना तथा कार्यक्रमहरु देहाय बमोजिमको मार्गदर्शन अवलम्बन गरी प्रस्ताव गर्नुहुन प्रदेश सरकार(माननीय आर्थिक मामिला तथा योजना मन्त्रीस्तर)को मिति २०७८।०१।१५ को निर्णयानुसार अनुरोध छ ।

देहाय

१. प्रदेश सरकारको दायित्व उपमहानगरपालिकाको हकमा रु. ३ करोड, नगरपालिकाको हकमा रु. २ करोड र गाउँपालिकाको हकमा रु. १ करोड ५० लाखको सीमा रहने गरी आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुहुनेछ ।

२. रु. ५० लाख भन्दा कम लागतका आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुहुने छैन ।

३. कम्तिमा प्रदेश सरकारको लागत बराबरको रकम स्थानीय तहको लागत सहभागिता सुनिश्चित हुने गरी आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुहुनेछ ।

४. समपुरक अनुदानको लागि आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा "समपुरक अनुदान व्यवस्थापन कार्यविधि, २०७५(प्रथम संशोधन सहित) को अवलम्बन गर्नुहुनेछ।

५. समपुरक अनुदानको लागि आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा स्थानीय तहको पत्रसहित कार्यपालिकाको निर्णय र आयोजना तथा कार्यक्रमको लागत अनुमानको सारांश( Summary of Cost) मात्र अनिवार्य रुपमा समावेश गर्नुहुनेछ ।

अधिकृत सातौं

प्रदेश सरकार
लुम्बिनी प्रदेश
आर्थिक मामिला तथा योजना मन्त्रालय
(वित्त व्यवस्थापन महाशाखा)
मुकाम:बुटवल, नेपाल

☎ ०७१-५४००२९, ०७१-५५०००३, ०७१-५५००६३

पत्र संख्या : (वि.स.तथा अ.व्य.) २०७७/७८

चलानी नं. :

६. चालु आ.व. २०७७/७८ मा सुरु भई आगामी आ.व. २०७८/७९ मा समेत कार्यान्वयन हुने गरी स्वीकृत बहुवर्षिय आयोजना तथा कार्यक्रम सम्पन्न गर्न लाग्ने थप रकम यकिन गरी बाँकी रकमबाट नयाँ आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुहुनेछ।

७. समपुरक अनुदानका आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा "समपुरक अनुदान व्यवस्थापन कार्यविधि, २०७५(प्रथम संशोधन सहित)" को अनुसूची-१ बमोजिमको फारम अनिवार्य रुपमा समावेश गर्नुहुनेछ।

८. आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रतिकूल प्रभाव न्यूनीकरण गर्ने तथा रोजगारी सिर्जना गरी आयआर्जन वृद्धि गर्ने खालका आयोजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु हुनेछ ।

९. समपुरक अनुदान सम्बन्धी प्रस्ताव moeap5.anudan@gmail.com मा २०७८ वैशाख मसान्तभित्र पठाउनु हुनेछ ।

१०. आयोजना प्रस्ताव गर्दा क्षेत्रगत सन्तुलन (Sectoral Balance)लाई समेत ध्यानमा राखी फरक-फरक क्षेत्रका आयोजना तथा कार्यक्रमहरु प्रस्ताव गर्नुहुनेछ।

११. प्रदेश सरकारको समेत लागत सहभागितामा निर्माण सुरु भएको अधुरो समपूरक अनुदानको आयोजनालाई पहिलो प्राथमिकता दिई आयोजना प्रस्ताव गरी रकम बचत हुने अवस्थामा मात्र नयाँ आयोजना प्रस्ताव गर्नुहुनेछ।

१२. समपूरक अन्तर्गत स्थानीय तहमा सञ्चालित समपूरक अनुदानका बहुवर्षिय आयोजनाको तपसिल बमोजिमको विवरण अनिवार्य रुपमा संलग्न गर्नुहुनेछ ।

| आयोजनाको नाम | कुल लागत अनुमान | आ.व. २०७७/७८ मा लागत सहभागिताको अंश | | | आयोजनाको समयावधि र शुरुवात(आ.व.मा) | आयोजनाको प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | प्रदेश सरकार | स्थानीय तह | | भौतिक | वित्तीय | |
| | | | | | | | | |

२०७८/०१/१५

जिवकला भण्डारी
अधिकृत सातौं